बैठक संख्या: ११

आज मिति २०८१ साल फागुन २८ गते बुधबार रुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: विहान ११:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री इन्द्रदेव पौडल (नि.प्र.प्र.अ.) | |

बैठक संचालन सहयोगी

ना.सु. श्री राम प्रसाद ज्ञवाली

सहायक पाल्पो श्री हेम बहादुर कार्की

ना.सु. श्री आनन्द वि.क.

का.स. श्री मीना [illegible]

**मिति २०८१ फागुन २८ गतेको एघारौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. कफि अनुसन्धान केन्द्र- चौतारा-बगाउने मो.बा. को DPR तयार गर्ने सम्वन्धमा ।

३. Lisp (स्थानीय पूर्वाधार सहयोग कार्यक्रम) को प्रस्ताव पठाउने सम्वन्धमा ।

४. पालिका गान छनौट सम्वन्धमा ।

५.रुरु कृषि परियोजनाको लागि पेश्की रकम उपलब्ध गराउने सम्वन्धमा ।

६ नदीजन्य पदार्थ उपलब्ध गराउने सम्वन्धमा ।

७. भूमि शाखा गठन सम्वन्धमा ।

८. राष्ट्रिय परिचयपत्र संकलन तथा वितरण कार्यमा खाना तथा बास र यातयात शिर्षकमा खर्च भएको रकम भुक्तानी सम्वन्धमा ।

९. घर भाडा भुक्तानी सम्वन्धमा ।

१०. औषधी उपचार बापतको खर्च रकम उपलब्ध गराउने सम्वन्धमा ।

११. अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

१२. रिडी शवदाह घाट निर्माण, रुरुक्षेत्र-१ को बचत भएको रकमवाट थप कार्यको लागि टेण्डर गर्ने सम्वन्धमा ।

१३. सार्वजनिक सुनुवाई सम्वन्धमा ।

१४. स्थानीय तह स्थापना दिवसको अवसरमा संचालित रक्तदान कार्यक्रम सम्वन्धमा ।

१५. रुरुक्षेत्र बृहत खानेपानी योजनाको म्याद थप सम्वन्धमा ।

१६. बजेट व्यवस्था तथा विपद् सम्वन्धमा ।

१७. आगलागि नियन्त्रण सम्वन्धी १ दिने सचेतनामुलक कार्यक्रम संचालन सम्वन्धमा ।

## मिति २०८१/११/२८ गतेको एघारौ गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
| --- | --- |
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो। निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो। |
| २. | कफि अनुसन्धान केन्द्र- चौतारा-बगाउने मो.बा. स्तरोन्नतीको लागि बजेट व्यवस्था गर्न DPR आवश्यक भएकोले परामर्श सेवा खरिद गरी उक्त सडकको DPR तयार गर्ने। |
| ३. | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंबाट स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP संचालनका लागि मिति २०८१/११/१५ गते प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाले उक्त कार्यक्रममा सहभागि हुन आगामी आ.व. मा वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा बजेट समावेश गर्ने, खर्चको लेखाजोखा SUTRA मार्फत गरी लेखा परीक्षण सम्बन्धीका कार्यहरु गर्ने जानकारी सहित देहायका कार्यहरु गर्ने प्रतिवद्धता गर्दै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP मा सहभागि हुनको लागि आशय पत्र पेश गर्ने।<br>**देहाय:**<br>१. रुरुक्षेत्र गाउँपालिकाको इच्छा र प्रतिबद्धतता:<br>(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।<br>(ख) स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका,साधन र विधि अवलम्वन गर्ने।<br>(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षमा समावेश गर्ने।<br>२. बार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा विनियोजन गर्ने प्रतिवद्धता।<br>३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता।<br>४. स्थानीय पूर्वाधार सम्वन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिवद्धता। |
| ४. | यस कार्यालयबाट मिति २०८१/१०/२९ मा पालिका गानका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना प्रकाशन गरिएकोमा निर्धारित समय भित्र यस कार्यालयमा पेश भएका पालिका गानका प्रस्तावहरु अध्ययन गरी उत्कृष्ट पालिका गान छनौट गरी गाउँ कार्यपालिकामा सिफारिस गर्न देहाय अनुसारको समिति गठन गर्ने।<br>**देहाय:**<br>संयोजक: श्री शेषनारायण पौडेल (संयोजक, सामाजिक विकास समिति)<br>सदस्य: श्री बसन्त बहादुर क्षेत्री (उप प्राध्यापक, रुरु संस्कृत विद्यापिठ)<br>सदस्य: श्री मिन प्रसाद ज्ञवाली (रुरुक्षेत्र-५) |
| ५. | रुरुक्षेत्र गाउँपालिकामा कृषकहरुको जीवनस्तर उकास्न तथा महिला सशक्तिकरण मार्फत समुदाय परिचालन गर्ने उद्देश्यले हेफर प्रोजेक्ट नेपाल र रुरुक्षेत्र गाउँपालिकाको साझेदारीमा हेफर प्रोजेक्ट नेपालबाट प्राविधिक सहयोग तथा परामर्श उपलब्ध हुने गरी रुरु कृषि परियोजना संचालन गत आ.व. देखी भएकोमा हेफर प्रोजेक्ट नेपालको मिति २०८१ फागुन ९ को पत्रबाट |

CamScanner

| | |
|---|---|
| | कार्ययोजना सहित पेश्की रकम माग भई आएकोले कार्ययोजना अनुसारका क्रियाकलापमा खर्च गरी नियमानुसार पेश्की पछ्यौट गर्ने गरी हाललाई रु. ६० लाख रकम पेश्की उपलब्ध गराउने । |
| ६. | राजेश्वरी कन्स्ट्रक्सन प्रा.लि., गुल्मीले मिति २०८१/११/१३ गतेको पत्रबाट यस गाउँपालिकाको वडा नं. ५ अन्तर्गत वडा नं. १ मा निर्माणाधिन १५ बेडको अस्पताल र वडा नं. २ मा निर्माणाधिन चौतारा-नेटा-लोक्मा-देउराली सडक स्तरोन्नतीको कार्य गर्दै आएकोमा यस गाउँपालिकाको वडा नं. २ अन्तर्गत पोखरेबगर क्षेत्रबाट ७५० घन मिटर नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खननको लागि निबेदन पेश गरेकोले उक्त निर्माण कम्पनीलाई उल्लेखित आयोजनाहरुमा प्रयोग गर्ने गरी माग बमोजिमको परिमाण प्राविधिकबाट नाप जाँच गराई नियमानुसारको रकम दाखिला गराई उत्खनन् गर्न अनुमति दिने । |
| ७. | नेपाल सरकार, भूमि समस्या समाधान आयोग, जिल्ला समिति, गुल्मीको च.नं. ३७ मिति २०८१/११/०१ को पत्र अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सम्बन्धमा देहाय अनुसार गर्ने ।<br>(क) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ अनुसार भूमि शाखा स्थापना गर्ने र उक्त शाखामा यस गाउँपालिकामा कार्यरत रोजगार संयोजक श्री विष्णु बहादुर रेश्मीलाई शाखा प्रमुखको जिम्मेवारी दिने ।<br>(ख) यस गाउँपालिका भित्रको जग्गालाई देहाय अनुसार क्षेत्रमा वर्गिकरण गर्ने ।<br>देहाय:<br>गाउँपालिका केन्द्र: घिउब्रेंसी क्षेत्र (वडा नं. ४ र ५)<br>शहरी क्षेत्र: नभएको<br>शहरउन्मुख क्षेत्र: रिडी र बलेटक्सार (वडा नं. १ र ४)<br>ग्रामिण क्षेत्र: माथि उल्लेख भएका क्षेत्र बाहेक अन्य ।<br>(ग) दफा ४ अनुसार देहाय अनुसारको सहजिकरण समिति गठन गर्ने ।<br>**देहाय:**<br>संयोजक: यदु ज्ञवाली (अध्यक्ष)<br>उपसंयोजक: मीना देवी गौतम (उपाध्यक्ष)<br>सदस्य: यस गाउँपालिकामा क्रियाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएका एक/एक जना प्रतिनिधी<br>सदस्य: श्री हरिकला बराल क्षेत्री (कार्यपालिका सदस्य)<br>सदस्य: श्री मिना कुमारी नेपाली (कार्यपालिका सदस्य)<br>सदस्य-सचिव: श्री लक्ष्मण पाण्डे (प्र.प्र.अ.) |
| ८. | राष्ट्रिय परिचयपत्र संकलन तथा वितरण कार्यमा खाना तथा बास र यातयात शिर्षकमा खर्च भएको रकम रु. २,८०,२४०/- कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने । |
| ९. | यस गाउँपालिकाको वडा नं. ४ मा अतिरिक्त हुलाक बलेटक्सार संचालनमा रहेको,उक्त हुलाक कार्यालयको घरभाडा गाउँपालिकाबाट बिगतका बर्षदेखी भुक्तानी गर्दै आएको र चालु आ.व. मा बजेट विनियोजन नभएको हुँदा रु. ५०,८२०/- बजेट अन्य भाडा शिर्षकबाट घर भाडा शिर्षकमा थप गरी उक्त हुलाक कार्यालयको घरभाडा भुक्तानी गर्ने । |
| १०. | मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई |

औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।

देहाय:

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | छुमा कुमारी सिंजाली | रुरुक्षेत्र-६ | क्यान्सर | १२९१२ | २०८१ फागुन १ |
| २. | टिका बहादुर पचभैया | रुरुक्षेत्र-६ | क्यान्सर | ३९२२ | २०८१ फागुन १ |
| ३. | मीना शर्मा | रुरुक्षेत्र-१ | मृगौला | ३९२०२ | २०८१ फागुन १ |
| ४. | डिल कुमारी ज्ञवाली | रुरुक्षेत्र-५ | क्यान्सर | १२२५० | २०८१ फागुन १ |

११. गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेका अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने ।

१२. रिडी शवदाह घाट निर्माण, रुरुक्षेत्र-१ को ठेक्का संभौता भई विनियोजित बजेटमा बचत भएको रकम १४ लाखमा रु. ३ लाख श्रोत सुनिश्चितता गरी जम्मा रकम रु. १७ लाखको थप कार्यको लागि टेण्डर आव्हान गर्ने ।

१३. सेवा प्रवाहको विषयमा सार्वजनिक सुनुवाई मिति २०८१ चैत्र १५ गते भित्र गाउँपालिकाको कार्यालय, घिउवेंसीमा सम्पन्न गर्ने ।

१४. स्थानीय तह स्थापना दिवसको अवसरमा मिति २०८१ फागुन २७ गते रक्तदान कार्यक्रम रुरुक्षेत्र गाउँपालिकाको आयोजना र रक्त संचार सेवा केन्द्र, बुटवलको प्राविधिक सहयोगमा संचालन गरिएकोमा १०५ पोका रगत संकलन भएकोले उक्त कार्यक्रममा सहयोग पुऱ्याउनुहुने जन प्रतिनिधीहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु, प्राध्यापक तथा शिक्षकहरु, कर्मचारीहरु, टोल विकास संस्थाका प्रतिनिधीहरु, आमा समुह, महिला समुह, युवा क्लव, उद्योग वाणिज्य संघ, बैंक तथा वित्तिय संस्थाका प्रतिनिधी लगायत आम नागरिकहरुलाई धन्यबाद ज्ञापन गर्ने । साथै उक्त कार्यक्रम संचालन गर्दा खाजा, खाना, टेन्ट, यातयात लगायतका शिर्षकमा भएको खर्च रकम भुक्तानी गर्ने ।

१५. मनिस नागार्जुन जे.भी., भक्तपुरले गत बर्षायाममा प्रतिकुल मौसम बाढी, पहिरोकाका कारण कार्य गर्न नसकिएको भनी ठेक्का संभौताको म्याद थप गरिदिनुहुन भनी यस कार्यालयमा

| | |
|---|---|
| | मिति २०८१/०७/२७ मा निवेदन पेश गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद समाप्त भएको मिति २०८१ मंसिर २१ गते देखी २०८१ चैत्र मसान्तसम्मको लागि मात्र म्याद थप गर्ने । |
| १६. | देहाय अनुसार बजेट विनियोजन गर्ने ।<br>(क) रुरुक्षेत्र-४ निवासी अर्जुन पोखेलको उपचारको लागि रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।<br>(ख) बलेटक्सार चौतारा रिङ्गरोड निर्माणको क्रममा पहिरो जादा वडा नं. ४ निवासी कालिदास ज्ञवालीको घर जोखिममा रहेकोले निजलाई प्रकोप व्यवस्थापन कोषबाट रु. ५० हजार उपलब्ध गराउने ।<br>(ग) ४ नं. वडा कार्यालय, बलेटक्सारको भवन रङ्गरोगन लगायतका कार्य गर्नको लागि रु. १ लाख ८३ हजार विनियोजन गर्ने ।<br>(घ) फल्ले पिपल सागर पोखरी वाटो मर्मतको लागि रु. ३ लाख बजेट विनियोजन गर्ने ।<br>(ङ) पालिका पहुँच मार्गको देउडाँडा खण्डमा गत आ.ब.को वर्षाका कारण क्षतिग्रस्त भएकोले उक्त सडकको मर्मतको लागि ग्यावीन जाली लगायतका कार्य गर्न रु. ७ लाख ५० हजार विनियोजन गर्ने ।<br>(च) ज्ञान प्रसाद बराल, वडा नं. ४ तालखोलामा घर जोखिममा रहेको हुँदा आवश्यक कार्यको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ५० हजार विनियोजन गर्ने ।<br>(छ) गाउँपालिकाको प्रशासकीय भवनको अगाडीको जग्गा माधव कुँवर, वडा नं. ५ को रहेको, कार्यालयको भवन बनाउदा माटो फालेर खेत पुरिएकोले उक्त खेतीयोग्य जमिन गाउँपालिकाको डोजर प्रयोग गरी आवश्यक कार्य गर्ने ।<br>(ज) तालखोला, थरुनीपधेरा घुम्टी तथा उल्लीखोला कल्भर्ट तथा सडक मर्मतको कार्यको लागि पुनः लागत अनुमान तयार गरी सो अनुसारको कार्य गर्ने ।<br>(झ) कभर्ड हल, वडा नं. ५ निर्माणको थप कार्यको लागि लागत अनुमान तयार गरी आवश्यक कार्य गर्ने । |
| १७. | आगलागि नियन्त्रण सम्बन्धी १ दिने सचेतनामुलक कार्यक्रम २०८१ चैत्र १५ गते भित्र टोल विकास संस्था, खानेपानी उ.स., सामुदायिक बनका पदाधिकारीहरुलाई उपस्थित गराई संचालन गर्ने । |